# ग्रीनलाईफ हाइड्रोपावर लिमिटेड

रजिष्टर्ड कार्यालयः का. म. न. पा. २८, कमलपोखरी, काठमाण्डौं

सम्पर्क नं. ०१-४५११३७३

Email: nepalgreenlife@gmail.com

Website: greenlifehydropower.com.np

## सोह्रौं वार्षिक साधारण सभा पुनः बोलाइएको सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८२ पौष ८ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार मिति २०८२/१०/०२ मा तय भएको कम्पनीको १६ औं वार्षिक साधारण सभा कम्पनी ऐन २०६३ बमोजिम गणपुरक संख्या नपुगि स्थगित भएकोले मिति २०८२/१०/०९ को संचालक समितिको बैठकले यस अघि मिति २०८२/०९/०८ को संचालक समितिले निर्णय गरेको प्रस्तावहरुमा कुनै परिवर्तन नगर्ने गरी सो स्थिगित भएको १६ औं साधारणसभा पुनः निम्न मिति, समय र स्थानमा गर्ने भनि निर्णय गरेकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम पुनः यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान तथा समय :**

मितिः २०८२/१०/१९ गते सोमबार (तद अनुसार फ्रेबवरी ०२, २०२६)

स्थानः लिसारा रिसेप्सन्स प्रा. लि. (Lisara Receptions Pvt. Ltd.), भगवती बहाल, नक्साल, काठमाण्डौ ।

समयः बिहान ११:०० बजे देखी

**छलफलका प्रस्तावहरु :**

**क) सामान्य प्रस्तावहरु**

१. कम्पनीको संचालक समितिको तर्फबाट अध्यक्षले प्रस्तुत गर्ने आ.व ०८१/०८२ को सोह्रौं वार्षिक प्रतिवेदन माथी छलफल गरि पारित गर्ने ।

२. आ.व ०८१/०८२ को लेखापरिक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब तथा सम्बन्धित अनुसुचीमा छलफल गरी पारीत गर्ने सम्बन्धमा ।

Board Minute

३. आर्थिक बर्ष ०८२/०८३ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ती एवं निजको पारीश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. संचालक समिति चयन गर्ने सम्बन्धमा ।

५. प्रवन्ध संचालक तथा संचालकको तलब भत्ता निर्धारण गर्ने सम्बन्धमा ।

६. संचालकको बैठक भत्ता निर्धारण गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्तावहरु**

१. कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा (१) (ख) का सम्बन्धमा विशेष प्रस्ताव ।

२. उल्लेखित साधारण तथा विशेष प्रस्तावका सम्बन्धमा कम्पनी रजिष्ट्रार कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., विद्युत बिकास विभाग, सिडिएस एण्ड क्लियरिङ्ग लि., विद्युत नियमन आयोग लगायत नियमनकारी निकायबाट फेरवदल गर्न निर्देशन आएका बखत सो सम्बन्धि आवश्यक निर्णय गर्ने, संशोधन गर्ने अख्तियारी संचालक समितिलाई दिने विशेष प्रस्ताव ।

**ग) बिबिध**

**संचालक समितिको निर्णय अनुसार,**
**कम्पनी सचिव**

greenlife Hydro Power Ltd.

Board Minute

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. सोह्रौं नियमित वार्षिक साधारणसभा प्रयोजनका लागि मिति २०८२/०९/२० गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताव बन्द गरिनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/०९/१९ गते सम्म कारोवार भई शेयर खरीद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिनको लागि योग्य हुनेछन्।

२. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुको सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। हाजिरी पुस्तिका बिहान १०:०० बजे देखी बिहान ११:०० बजे सम्म खुल्ला रहनेछ।
शेयरधनीको उपस्थितिबाट प्रचलित ऐनको व्यवस्था बमोजिम सभाका लागि आवश्यक गणपूरक संख्या पूरा भए पश्चात् सभाको कार्यवाही अगाडी बढाइनेछ।

३. सभामा आफु उपस्थित नभई प्रतिनिधि नियूक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यलयमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ। सभामा भाग लिन र मतदान गर्नका लागी प्रतिनिधि नियूक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोहि अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यलयमा दर्ता गरिसक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियूक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ तर प्रतिनिधि नियूक्त गर्नू भएका शेयरधनि आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र (प्रोक्सी) स्वत : बदर हुनेछ।

४. कुनै शेयरधनी महानुभावले छलफलका विषयहरु मध्ये विविध शिर्षक अर्न्तगत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा कम्तीमा सात (७) दिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेछ। तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारीतको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहित रहनेछ।

५. वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ। साथै, अन्य थप जानकारी कम्पनीको वेभसाइट www.greenlifehydropower.com.np मार्फत समेत प्राप्त गर्न सक्नु हुनेछ।

greenlife Hydro Power Ltd.

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

BoardMinute